संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय

# योङ्ग कम्युनिष्ट लीग (वाईसीएल)द्वारा भएका मानवअधिकार दुर्व्यवहारसम्बन्धी आरोपहरू

२०६४ असार

**योङ्ग कम्युनिष्ट लीगद्वारा भएका**
**मानवअधिकार दुर्व्यवहारसम्बन्धी आरोपहरू**
**२०६४ असार**

**परिचय**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (नेकपा-माओवादी) र सात दलको गठबन्धन (सात दल)बीच २०६३ मङ्सिर ५ गते हस्ताक्षरित विस्तृत शान्ति सम्झौता (सम्झौता)ले सो सम्झौतामा भएका मानवअधिकारसम्बन्धी प्रावधानहरूको कार्यान्वयनको अनुगमन गर्न उच्चायुक्तको कार्यालयलाई कार्यादेश दिन्छ। सो सन्दर्भमा, उच्चायुक्तको कार्यालयले राज्यको सुरक्षाफौजको आचरणको अनुगमन गर्दै आएको छ – विशेषगरी थुनाको वैधानिकता, प्रहरी हिरासतमा थुनुवासँगको व्यवहार (योङ्ग कम्युनिष्ट लीग (वाईसीएल)का सदस्यहरू लगायतका)) र प्रहरी कार्यालय तथा कारागारमा थुनावस्थाका सम्बन्धमा। उच्चायुक्तको कार्यालय कानुन र व्यवस्था कायम राख्दा मानवअधिकारको सम्मान गर्ने प्रहरीको क्षमताको अनुगमन गर्ने कार्यलाई निरन्तरता दिएको छ। उच्चायुक्तको कार्यालयले यी मुद्दाहरूबारे राष्ट्रिय तथा स्थानीय स्तरका राज्यअधिकारीहरूसँग प्रत्यक्षतः एवं सार्वजनिक वक्तव्यहरूमा आफ्ना चिन्ताहरू उठाएको छ। सम्झौताको आफ्नो अनुगमन गर्ने कार्यका सन्दर्भमा, उच्चायुक्तको कार्यालयले बेपत्ता पार्ने कार्य, राज्यद्वारा भएका उल्लङ्घन र नेकपा-माओवादीद्वारा गरिएका दुर्व्यवहारका लागि दण्डहीनता तथा जवाफदेहीताबारे पनि टिप्पणी तथा वक्तव्यहरू जारी गरेको छ। फागुनमा मानवअधिकार परिषद्लाई बुझाइएको मानवअधिकार उच्चायुक्तको प्रतिवेदनमा शान्ति प्रक्रियासँग सम्बन्धित मानवअधिकारसम्बन्धी चिन्ताको समीक्षा समावेश गरिएको थियो। उच्चायुक्तको कार्यालयले मधेशी जनअधिकार फोरम (फोरम) तथा नेकपा-माओवादीले मध्यमाञ्चल क्षेत्रको रौतहट जिल्लाको गौरमा २०६३ चैत ७ गते एकैसाथ सँगसँगै र्‍यालीको आयोजना गर्दा भड्केको हिंसापछि नेकपा-माओवादीका २७ सदस्यको चैतमा भएको हत्याकाण्डका सम्बन्धमा आफ्ना अनुसन्धानका निष्कर्षबारे प्रतिवेदन पनि जारी गर्‍यो।

सन् २००६ डिसेम्बरमा वाईसीएलको पुनर्स्थापना भएयता यसद्वारा भएका मानवअधिकार दुर्व्यवहारबारे अनेकौं रिपोर्ट आएपश्चात् उच्चायुक्तको कार्यालयले सबै विकास क्षेत्रमा व्यापक अनुगमन र अनुसन्धान गरेको छ। वाईसीएलद्वारा भएका दुर्व्यवहारका प्रकार र सङ्ख्या जिल्लैपिच्छे फरक भए पनि उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित दुर्व्यवहारमा मत व्यक्त गर्न, भेला हुन तथा सङ्घसंस्था खोल्न पाउने स्वतन्त्रताको अधिकार एवं व्यक्तिगत स्वतन्त्रता, सुरक्षा तथा शारीरिक अखण्डताको अधिकारसँग सम्बद्ध दुर्व्यवहार पर्दछन्।

उच्चायुक्तको कार्यालयका अनुसन्धानले जानकारीको पुष्टि गर्न प्रत्यक्षदर्शी, पीडित, नेकपा-माओवादीको नेतृत्व, वाईसीएलका प्रतिनिधि, राजनीतिक दल, मानवअधिकार रक्षक, नेपाल प्रहरी (नेप्र) तथा सशस्त्र प्रहरी बल (सप्रब)का सदस्य र अन्यलगायतका व्यापक स्रोतहरूसँगका अन्तर्वार्तालाई समेटेका थिए। सामान्यतया, अनुरोध गरिएबमोजिम जानकारी तथा व्यक्तिहरूसँगको पहुँच प्राप्त गर्न उच्चायुक्तको कार्यालय सफल भयो। तर, केही घटनामा वाईसीएलद्वारा राखिएका व्यक्तिहरूसँगको पहुँच प्राप्त गर्न कार्यालय नेकपा-माओवादीको नेतृत्वसँग सम्पर्क गर्न बाध्य भएको थियो। वाईसीएलको दुर्व्यवहारबाट पीडित कतिपय व्यक्तिहरूले, विशेषगरी अपहृत व्यक्तिहरूले, प्रतिशोधको डरले आफ्ना मुद्दा सार्वजनिकरूपले नउठाउन उच्चायुक्तको कार्यालयलाई अनुरोध गरेको कुरालाई ध्यानमा लिइनुपर्छ। कहिलेकाहीं, केही स्रोतले वाईसीएलको संलग्नताको आरोप लगाए पनि वाईसीएलले यसलाई अस्वीकार गर्‍यो। तैपनि, यीमध्ये केही घटनामा उच्चायुक्तको कार्यालयले सो संलग्नताको पुष्टि गर्‍यो, तर अन्यमा यसका अनुसन्धान हालसम्म अनिश्चायक रहेका छन्।

नेकपा-माओवादीको अङ्गको रूपमा रहेको वाईसीएलले विस्तृत शान्ति सम्झौताअन्तर्गत राखिएका तथा शान्ति प्रक्रियाको सन्दर्भमा नेकपा-माओवादी पक्ष भएका अन्य सम्झौतामा गरिएका मानवअधिकारसम्बन्धी प्रतिबद्धताहरूलाई सम्मान गर्नैपर्छ। यसका अतिरिक्त, सरकारको अङ्गको रूपमा, अन्तरिम संविधान र नेपाल पक्ष

भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूका प्रावधानको सम्मान गरिएको कुरा सुनिश्चित गर्ने नेकपा-माओवादीको कर्तव्य हुन्छ।

यो प्रतिवेदन वाईसीएलको भूमिकालगायतका सन्दर्भ तथा पृष्ठभूमिको अध्ययन गर्दै सुरु हुन्छ। यसले दुर्व्यवहारका ढाँचा, आरोपहरूप्रति नेकपा-माओवादी/वाईसीएलको प्रतिक्रिया तथा राज्यको प्रतिक्रियाको पनि अध्ययन गर्दछ। निष्कर्ष र विशिष्टरूपमा वाईसीएलसँग एवं सरकार तथा सम्झौताका सम्बन्धित पक्षहरूसँग सम्बन्धित सिफारिसको सँगालोसहित यो समाप्त हुन्छ।

**सन्दर्भ/पृष्ठभूमि**

नेकपा-माओवादीको केन्द्रीय समितिद्वारा सन् २००६ डिसेम्बरमा नेकपा-माओवादी पार्टीसँग नयाँ आबद्ध सङ्गठनको रूपमा वाईसीएलको पुनर्स्थापना गरियो र देशभरि सबै क्षेत्र, जिल्ला तथा गाउँ विकास समिति (गाविस)मा यसको बढ्दो उपस्थिति रहेको छ।[1] माघमा नियुक्त ४५ सदस्यीय वाईसीएल केन्द्रीय समितिका धेरै सदस्य जनमुक्ति सेना (पीएलए)का पूर्वकमान्डर तथा कमिसारहरू हुन् जसले शान्ति सम्झौताको अङ्गको रूपमा स्थापित पीएलए अस्थायी शिविरहरूमा एकत्र हुनुभन्दा पीएलए छोडे र वाईसीएलमा सरुवा भए। यसका अतिरिक्त, क्षेत्रीय तथा जिल्लास्तरका वाईसीएलका नेताहरूमा पूर्वपीएलए कमान्डर वा मिलिसियाका सदस्यहरू पनि छन्।

वाईसीएलका प्रतिनिधिहरूले उच्चायुक्तको कार्यालयलाई आफ्नो सदस्यताको आधार १६ वर्षदेखि ४० वर्षबीचको उमेर भएको जानकारी दिएका छन्। एउटा क्षेत्रमा रहेका बाल संरक्षणसम्बन्धी निकायहरूले सानो सङ्ख्यामा वाईसीएलमा १८ वर्षमुनिका भर्ती – सबैभन्दा कम १३ वर्षीय – भएको कुरा उल्लेख गरेका छन्। तीमध्ये केहीले आफू पहिले पीएलएको सदस्य भएको र त्यसपछि वाईसीएलको "कानुन कार्यान्वयन" गतिविधिमा संलग्न भएको कुरा बताए। राजनीतिक गतिविधिमा अठार वर्षमुनिका युवायुवतीको सहभागिता स्वयंमा बालअधिकार सिद्धान्तविपरीत नभए पनि १८ वर्षमुनिका युवायुवतीको वाईसीएलमा भएको उपस्थितिका सम्बन्धमा उच्चायुक्तको कार्यालयको मुख्य चिन्ता उनीहरूको हिंसाप्रतिको सम्भावित खुलापन हो। सो सङ्गठनका अनुसार, गौरमा हत्या गरिएकी एक १७ वर्षीया युवती वाईसीएलको सदस्य भएको कुरालाई ध्यानमा राखिनुपर्छ।

आफ्नो प्रथम राष्ट्रिय सम्मेलनपछि वाईसीएलद्वारा २०६३ माघमा जारी प्रेस विज्ञप्तिले यसलाई एक "मिलिट्यान्ट सङ्गठन"को रूपमा व्याख्या गर्‍यो। सो सम्मेलनमा अध्यक्ष प्रचण्डद्वारा दिइएको भाषणमा र त्यसबेला पारित प्रस्तावहरूमा रेखाङ्कित गरिएअनुसार, यसको भूमिकामा स्वतन्त्र, स्वच्छ र निष्पक्षरूपमा निर्वाचन सम्पन्न गर्न सहयोग गर्ने; निर्वाचन सम्बन्धमा हुने षड्यन्त्रविरुद्ध चनाखो रहने; निर्वाचन हुन नदिन "प्रतिगामी दरबारिया शक्तिहरू"बाट हुने प्रयाससँग जुध्न सक्रिय भूमिका निर्वाह गर्ने; वयस्कहरूलाई सङ्गठित गर्ने लगायतका कार्यमार्फत् गणतन्त्रको स्थापनाका लागि दबाब दिने; "सामाजिक विकृति" नियन्त्रण गर्न सामाजिक अभियान; युवाको "मानसिक तथा बौद्धिक विकास"का लागि खेलकुद गतिविधि तथा साँस्कृतिक कार्यक्रम; एवं वैचारिक तथा राजनीतिक प्रशिक्षणको आयोजना गर्ने कुराहरू पर्दछन्।

नेकपा-माओवादीद्वारा वाईसीएललाई शान्ति तथा निर्वाचन प्रक्रियाको सन्दर्भमा केन्द्रीय भूमिका भएको सङ्गठनको रूपमा हेरिएको कुरा स्पष्ट छ। तर, वाईसीएलका सक्रिय कार्यकर्ताहरूद्वारा गरिसकिएका कारबाहीका आधारमा सो सङ्गठनलाई निश्चित समूह तथा व्यक्तिहरूलाई लक्ष्यित गर्न प्रयोग गरिने हो कि भन्ने चिन्ताहरू छन् – विशेषगरी ती समूह तथा व्यक्तिविरुद्ध जसलाई यसले "प्रतिगामी शक्ति"को रूपमा मान्दछ – जसबाट सङ्घसंस्था खोल्न, भेला हुन र मत व्यक्त गर्नपाउने स्वतन्त्रताको अधिकारमाथि अतिक्रमण हुनजान्छ। निर्वाचनमा

[1] उच्चायुक्तको कार्यालयले सन् २००६ डिसेम्बरअघि वाईसीएल विद्यमान रहेकोबारे जानकारी प्राप्त गरेको थियो। तर, त्यसबेला यो नयाँ संरचना हो वा क्याम्पसहरूमा झडप जस्ता गतिविधिहरूमा संलग्न रहेको विद्यार्थी सङ्गठन हो भन्ने कुरा स्पष्ट थिएन।

वाईसीएलको ठोस भूमिकाबारे अन्तर्वार्ता लिँदा वाईसीएलका जिल्लास्तरीय प्रतिनिधिहरूले स्पष्ट व्याख्या उपलब्ध गराउन सकेनन्।

यसका अतिरिक्त, वाईसीएलले आफ्नो स्थापनायता "कानुन कार्यान्वयन"लाई आफ्नो भूमिकाको सारभागको रूपमा हेरेको छ। सन् २००६ डिसेम्बरमा काठमाडौँ उपत्यकामा वाईसीएलद्वारा गरिएका सुरुका अपहरणहरूको सूचना आएपछि उच्चायुक्तको कार्यालयले काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाका वाईसीएलका नेताहरूसँग भेट गऱ्यो, जसले आफूहरूलाई "आपराधिक कुरालाई झेल्ने" जिम्मा दिइएको कुरा बताए। त्यसबेला, तिनले आफूले "जिल्लामा आपराधिक गतिविधिसँग लड्न जनतासँग ज्यादै निकट रहेर काम गर्ने र प्राप्त जानकारीअनुसार आरोपित पीडकहरूलाई नियन्त्रणमा लिने" बताए। देशका विभिन्न भागमा वाईसीएलका प्रतिनिधिहरूले गस्ती, "पक्राउ" तथा सजायलगायत "कानुन कार्यान्वयन" गतिविधिलाई आफ्नो भूमिकाको अङ्गको रूपमा जनाउने कार्यलाई जारी राखेका छन्। एक प्रतिनिधिले सन् २००७ जुनमा उच्चायुक्तको कार्यालयलाई "नेपाल प्रहरीले कारबाही नगरेमा पीडकहरूलाई न्यायको कठघरामा ल्याउने जनताप्रतिको वाईसीएलको कर्तव्य हो : वाईसीएलले अपराधीलाई पक्रन्छ र जनन्याय दिनुभन्दा अगाडि तिनलाई जनतासमक्ष प्रस्तुत गर्दछ" भनी बताए।

कानुन कार्यान्वयन गर्ने निकाय तथा अन्य राज्यका संस्थाहरूको कमजोरीका सम्बन्धमा एवं सम्झौताका प्रावधान कार्यान्वयन गर्नमा, भूमिसुधार नीतिको निर्माण गर्नमा तथा भ्रष्टाचारलाई सम्बोधन गर्नमा भएको ढिलाइका सम्बन्धमा जायज चिन्ता भए पनि, मानवअधिकार दुर्व्यवहार सरहका कार्यलाई उचित ठहऱ्याउन यी तर्कको प्रयोग गर्न सकिँदैन। यी दुर्व्यवहार – अपहरण, यातना र अभद्र व्यवहार, राज्यको सम्पत्तिको विनाश, राजनीतिक गतिविधि बिथोलेर भेला हुन तथा सङ्घसंस्था खोल्न पाउने स्वतन्त्रताको अधिकारमाथि आक्रमणलगायत – ले अन्तर्राष्ट्रिय मानवअधिकार कानुन, सम्झौता र अन्तरिम संविधान जस्ता राष्ट्रिय कानुनको उल्लङ्घन गर्दछन्। वाईसीएलद्वारा गरिएका मानवअधिकार दुर्व्यवहारले डर र त्रासको वातावरणमा बल प्रदान गरिरहेका छन्। तिनले जायज राजनीतिक, पत्रकारितासम्बद्ध र विशेषगरी अभिव्यक्ति तथा भेला हुन पाउने स्वतन्त्रतासँग सम्बन्धित अन्य गतिविधिमा अवरोधकको रूपमा पनि कार्य गर्छन्। नेकपा-माओवादीद्वारा गरिएका विगतका दुर्व्यवहारले अनुभूत वा वास्तविक दुवै डरलाई अझ बल पुऱ्याउने काम गरेका छन्।

साथै, वाईसीएल तथा नेकपा-माओवादीका अन्य कार्यकर्ताहरू आफैँ नै हिंसाको निसाना भएका घटनाको बढ्दो सङ्ख्यालाई ध्यानमा लिइनुपर्छ। नेकपा-माओवादी/वाईसीएलविरुद्धको सबैभन्दा गम्भीर हिंसात्मक घटना २०६३ चैत ७ गते मध्यमाञ्चल क्षेत्रको रौतहट जिल्लाको गौरमा भएको थियो जसमा नेकपा-माओवादी र फोरमद्वारा एकै समयमा सँगसँगै आयोजित ऱ्यालीमा हिंसा भड्केपछि वाईसीएलका कार्यकर्तासहित नेकपा-माओवादीका २७ सदस्यको पाशविक तरिकाले हत्या गरिएको थियो। वाईसीएलका तीन कार्यकर्तासहित नेकपा-माओवादीका छ सदस्य २०६४ जेठ २१ र ३१ गतेको बीचमा विभिन्न घटनामा मारिएका थिए। सबैभन्दा पछिल्ला घटनाहरूमध्ये एउटा, पश्चिमाञ्चल क्षेत्रको रूपन्देही जिल्लामा जेठ ३० गते भएको वाईसीएलका दुई प्रतिनिधिको हत्या थियो। ती हत्या वाईसीएल र फोरमबीच भएका महिनौँका तनावपछि भएका थिए (तल हेर्नुहोस्)।

### दुर्व्यवहारका ढाँचा

वाईसीएलको उदय हुनुभन्दा अघि, उच्चायुक्तको कार्यालयले नेकपा-माओवादीद्वारा भएका अनेकौँ मानवअधिकार दुर्व्यवहारको अभिलेख गरेको थियो र तिनलाई नेकपा-माओवादीको नेतृत्वसमक्ष उठाएको थियो। उच्चायुक्तको कार्यालयको २०६३ भदौको "नेकपा-माओवादीद्वारा भएका मानवअधिकार दुर्व्यवहार" नामक प्रतिवेदनले नेकपा-माओवादीका सङ्गठनहरूद्वारा भएका दुर्व्यवहारका ढाँचालाई रेखाङ्कित गऱ्यो र धेरै दुर्व्यवहार तिनका समानान्तर संरचना, "जनअदालत" र "कानुन कार्यान्वयन" गतिविधिका सम्बन्धमा गरिएकोमा चिन्ता व्यक्त गऱ्यो। यीमध्ये बाँच्न पाउने अधिकार (अपहृत व्यक्तिहरूको हत्या र मृत्यु), स्वतन्त्रता र सुरक्षा (अपहरण) र शारीरिक अखण्डता (अभद्र व्यवहार र यातना) थिए।

सम्झौतामा सम्बन्धित पक्षहरू "समानान्तर संरचना" सञ्चालन नगर्न (प्रावधान १०.१) तथा हत्या, अपहरण (५.११च), यातना र अन्य यस्ता दुर्व्यवहार (७.१.४)को अन्त्य गर्न सहमत भए। मध्यपश्चिमाञ्चल क्षेत्रको रोल्पा जिल्लामा सन् २००६ डिसेम्बरमा घटेको एउटा घटनाबाहेक सन् २००६ अक्टोबरयता नेकपा-माओवादीका सङ्गठनद्वारा भएका अपहरणसँग सम्बन्धित कुनै पनि हत्या वा मृत्यु उच्चायुक्तको कार्यालयलाई रिपोर्ट गरिएको छैन भन्ने कुरालाई ध्यानमा लिइनुपर्छ। यसअतिरिक्त, मध्यपश्चिमाञ्चल क्षेत्रको हुम्ला जिल्लामा नेकपा-माओवादीद्वारा सन् २००७ मार्चमा अपहृत नेकाका एक सदस्य रहेको ठाउँ अहिलेसम्म अस्पष्ट रहेको छ। नेकपा-माओवादीका अध्यक्ष प्रचण्डद्वारा २०६३ असारमा जारी गरिएको निर्देशनपछि केही ठूला सहरी क्षेत्रमा "जनअदालत" क्रमशः बन्द भए। त्यसयता, सम्झौतामा हस्ताक्षर भएयता र विशेषगरी पुसयता, उच्चायुक्तको कार्यालयले अधिकांशत विघटन गरिएका "जनअदालत" जस्ता नेकपा-माओवादीका समानान्तर संरचनासँग सम्बन्धित गतिविधिमा उल्लेख्य कमी आएको अवलोकन गरेको छ। तैपनि, "जनअदालत" वा त्यस्ता खाले संयन्त्र केही जिल्लामा अझै सञ्चालन भइरहेका सङ्केत पाइएका छन्।[२]

वाईसीएलद्वारा भएका दुर्व्यवहारसम्बन्धी रिपोर्टहरू सन् २००६ डिसेम्बरदेखि आउन थाले र ती नेकपा-माओवादीका अन्य सङ्गठनहरूद्वारा पहिला सञ्चालन गरिएजस्तै गरिएका छन्। तीमध्ये अपहरण तथा बन्दी अवस्थामा अभद्र व्यवहार, शारीरिक तथा मानसिक अखण्डतामाथिको आक्रमण र राजनीतिक गतिविधिको हिंसात्मक बिथोल्याइँ पर्दछन्। तिनमा नवस्थापित प्रहरी चौकीविरुद्धका धम्की तथा कैयन सरकारी अधिकारी र सम्पत्तिविरुद्ध भएका हिंसा परेका छन्। उच्चायुक्तको कार्यालयले व्यापारिक प्रतिनिधिहरूबाट वाईसीएलको नाममा, अव्यक्त धम्कीसहितका, अनुरोध गरिएका प्रतिमहिना रु २०,००० देखि एकपल्टका लागि रु ४,००,००० सम्म "चन्दा"बारे रिपोर्टहरू पनि प्राप्त गरेको छ। यस प्रकारको जबर्जस्ती रकम उठाउनु चिन्ताको विषय भए तापनि र उच्चायुक्तको कार्यालयद्वारा यसको अनुगमन गरिए तापनि, अनुसन्धानले मूलरूपमा बाँच्न पाउने, शारीरिक अखण्डता, स्वतन्त्रता तथा सुरक्षाको अधिकारसँग सम्बन्धित दुर्व्यवहारका आरोपमाथि ध्यान केन्द्रित गरेको छ। साथै, सम्बन्धित व्यापारीहरूले प्रतिशोधको डरले गर्दा यी मुद्दाहरूलाई नउठाइदिन उच्चायुक्तको कार्यालयलाई प्रायः अनुरोध गरेका छन्।

उच्चायुक्तको कार्यालयले वाईसीएल र नेकपा-माओवादीका अन्य दुर्व्यवहारहरू – खासगरी अप्रिलको मध्यमा नेकपा-माओवादीको केन्द्रीय समितिको बैठक भएयता – को वृद्धिका रिपोर्टहरूलाई चिन्तापूर्वक लिएको छ। वाईसीएलका गतिविधिको सङ्ख्या तथा प्रकार र रिपोर्ट गरिएका दुर्व्यवहार जिल्लैपिच्छे फरक छन्। राजनीतिक र अन्य गतिविधिहरू बिथोलिएका अधिकांश रिपोर्टहरू पश्चिमाञ्चल क्षेत्रबाट प्राप्त गरिएका छन्, यद्यपि मध्यमाञ्चल तथा पूर्वाञ्चल क्षेत्रबाट पनि केही आएका छन्। पुसयता सबैभन्दा ठूलो सङ्ख्यामा अपहरण मध्यमाञ्चल तथा पश्चिमाञ्चल क्षेत्रमा रिपोर्ट गरिएको छ।

यी दुर्व्यवहारहरूले राजनीतिक दलका सदस्य तथा समर्थक, राज्य प्रशासनका अधिकृत, व्यापारी, पत्रकार, एवं विवादमा अल्झिएका देखिने अन्य व्यक्तिहरू वा वाईसीएलका सदस्यहरूलाई उत्तेजित पार्ने ठानिएकाहरूलाई प्रभाव पारेको छ। नेकपा-माओवादी तथा आबद्ध सङ्गठनहरूका हालका र/वा पूर्वसदस्यहरूलाई पनि कहिलेकाहीँ लक्ष्यित गरिएको छ र यस्ता कार्यलाई "आन्तरिक मामला" भनी उच्चायुक्तको कार्यालयलाई बताइएको छ।

सञ्चारमाध्यम र अन्यद्वारा वाईसीएललाई जिम्मेवार ठहऱ्याई आरोप लगाइएका कैयन दुर्व्यवहारहरू, अनुसन्धानपछि मूलरूपमा ट्रेड युनियन, विद्यार्थी तथा महिला सङ्गठनहरू जस्ता नेकपा-माओवादीका अन्य

---

[२] उदाहरणार्थ, सुदूर पश्चिमाञ्चल क्षेत्रमा उच्चायुक्तको कार्यालयले "जनअदालत" (पहिले "जनन्याय सहायता समिति" भनिने)जस्तै संरचनाहरू कैलाली र कञ्चनपुरमा विद्यमान रहेको जानकारी प्राप्त गऱ्यो। मध्यपश्चिमाञ्चल क्षेत्रमा, उच्चायुक्तको कार्यालयले कुटपिट, चोरी तथा जबर्जस्ती रकम उठाउने मुद्दाहरू समाधान गरी "जनतालाई मद्दत गर्ने" उद्देश्य बोकेको "जनकल्याण समिति" विद्यमान रहेको सङ्केत दिने जानकारी प्राप्त गऱ्यो। सो जनकल्याण समितिका प्रतिनिधिहरूले उक्त संरचना वाईसीएलअन्तर्गत रहेको बताए। तिनले "जनअदालत"सँग कुनै पनि समानता भएको कुरालाई अस्वीकार गरे र आफूले केही मुद्दाहरू प्रहरीलाई बुझाएको कुरा बताए। ती प्रतिनिधिहरूका अनुसार, अधिकांश मुद्दाहरू मध्यस्थतामार्फत् समाधान गरेको देखियो।

सङ्गठनहरूद्वारा गरिएका छन्, यद्यपि कहिलेकाहीँ वाईसीएल पनि संलग्न भएको छ। कहिलेकाहीँ वाईसीएल र नेकपा-माओवादीसँग आबद्ध अन्य सङ्गठनहरूबीचको सम्बन्ध धमिलो बनेको छ। तर, वाईसीएललगायत आफ्ना सबै सदस्य सङ्गठनको र तिनले आफ्ना गतिविधि अगाडि बढाउँदा हिंसा, त्रास वा अन्य दुर्व्यवहारको सहारा लिँदैनन् भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी नेकपा-माओवादीमा रहन्छ।

***अपहरण/अभद्र व्यवहार/बन्दी अवस्थामा यातना***

नेकपा-माओवादी र यससँग आबद्ध सङ्गठनहरूद्वारा गरिएका अपहरणसम्बन्धी रिपोर्टको सङ्ख्या अक्टोबरमा/नोभेम्बरको सुरुमा शिखरमा पुगेपछि सन् २००६ यता उल्लेख्यरूपमा घट्यो। तैपनि, ती जारी रहेका छन्; माथि जनाइए झैं वाईसीएलद्वारा भएका पहिला अपहरण सन् २००६ डिसेम्बरमा भएको बताइएको थियो र मध्यअप्रिलयता ती बढेको देखिन्छ। पहिले नेकपा-माओवादी/पीएलए/मिलिसियाद्वारा गरिएको तथा नेकपा-माओवादीसँग आबद्ध ट्रेड युनियनहरूद्वारा व्यक्तिलाई अपहरण गरिएका भनिएका केही घटना घटेको भए तापनि विगत केही महिनामा भएका भनिएका अपहरणहरूमध्ये धेरै वाईसीएलद्वारा भएको मान्न सकिन्छ। उदाहरणार्थ, सबैभन्दा पछिल्लो घटनामा, जेठ १४ देखि ३१ को अवधिमा काठमाडौं उपत्यका, सिन्धुली, रूपन्देही, कैलाली, नवलपरासी, गोर्खा, मकवानपुर, रामेछाप, झापा, बाँके र सुर्खेत जिल्लामा वाईसीएलद्वारा कम्तीमा २४ जनालाई अपहरण गरियो।

अपहृत व्यक्तिहरूलाई बन्दी बनाइएको समयावधि सामान्यतया विगतको भन्दा निकै छोटो भएको छ — केहीलाई हप्ता दिन वा सोभन्दा बढी राखिए पनि यस्तो अवधि प्रायः केही घण्टा वा एक दिनको हुन्छ। मूलरूपमा अपहरण "कानुन कार्यान्वयन" गतिविधिहरूको सन्दर्भमा र नेकपा-माओवादीका सामाजिक मान्यताहरू — उदाहरणार्थ "अवैध" यौन सम्बन्धका सम्बन्धमा — कार्यान्वयन गर्ने सन्दर्भमा भएको बताइएका छन्। केही राजनीतिक गतिविधिहरू बिथोल्ने क्रममा पनि घटेका छन् (तल हेर्नुहोस्)। धेरै घटनामा अपहरण गरिएकाहरूलाई वाईसीएल कार्यालयहरूमा केरकार - र कहिलेकाहीँ कुटपिट - गरिएको देखिन्छ। यस्ता अभद्र व्यवहार, केही घटनामा कठोर र यातनासरह भएको, विशेष चिन्ताको विषय हो। अपहरण नगरिए तापनि केही व्यक्तिहरूलाई वाईसीएल वा नेकपा-माओवादीका अन्य कार्यकर्ताहरूद्वारा गम्भीररूपले कुटपिट गरिएको आरोप लगाइएको कुरालाई पनि ध्यानमा लिइनुपर्छ।

उच्चायुक्तको कार्यालयले सुदूर पश्चिमाञ्चल क्षेत्रमा वाईसीएलद्वारा गरिएको अपहरणबारे एउटा मात्र रिपोर्ट प्राप्त गरेको छ। पूर्वाञ्चल तथा मध्यपश्चिमाञ्चल क्षेत्रमा वाईसीएलद्वारा गरिएका अपहरणसम्बन्धी रिपोर्टहरू मध्यमाञ्चल तथा पश्चिमाञ्चल क्षेत्रमा भन्दा कम छन्। पश्चिमाञ्चल क्षेत्रमा, उच्चायुक्तको कार्यालयले अप्रिलको प्रारम्भयता २० जनाको अपहरण भएको पुष्टि गऱ्यो, जसमध्ये १८ जना रूपन्देही जिल्ला र दुई पर्वत जिल्लामा थिए। ती अपहृतमध्ये केहीलाई अपराध गरेको आरोप लगाइए पनि[३] अधिकांशलाई अन्य समूहहरूविरुद्ध वाईसीएलको धम्की र आक्रमणको सन्दर्भमा अपहरण गरिएको थियो। यसका अतिरिक्त, रूपन्देही जिल्लामा फेब्रुअरीमा फोरमको ऱ्याली बिथोलिएपछि ५२ जना फोरम समर्थकहरूको समूहलाई समातेर केही समयका लागि राखिएको थियो।[४]

मध्यमाञ्चल क्षेत्रमा, उच्चायुक्तको कार्यालयले सन् २००७ जनवरीयता वाईसीएलका कार्यकर्ताद्वारा २१ जनालाई आफ्नो स्वतन्त्रताबाट वञ्चित गरिएको घटनालाई पुष्टि गरेको छ र तीमध्ये अधिकांश विगत केही हप्तामा भएका छन्। यीमध्ये नौवटा घटनामा, उच्चायुक्तको कार्यालयले वाईसीएलको बन्दी अवस्थामा रहँदा अपहृतहरूमाथि अभद्र व्यवहार गरिएको अभिलेख गऱ्यो। उनीहरूलाई कुटपिट – कहिलेकाहीँ प्लास्टिक पाइपले – गरिएको, शरीरभरि लात्तीले हानिएको एवं विभिन्न रूपमा मार्ने धम्की दिइएको भनियो। अप्रिलमा उच्चायुक्तको कार्यालयद्वारा

---

[३] रूपन्देही जिल्लामा चोरीमा सन्दिग्ध आठजनालाई जेठ २ गते वाईसीएलद्वारा अपहरण गरियो, कतिपयलाई पिटियो र भोलिपल्ट रिहा गरियो।

[४] वाईसीएलद्वारा भएका अपहरणहरूका अतिरिक्त, पश्चिमाञ्चल क्षेत्रमा नेकपा-माओवादीका अन्य सङ्गठनहरूद्वारा जनवरी र मईको बीचमा अपहृत १९ जनाका घटनाबारे उच्चायुक्तको कार्यालयले अनुसन्धान गरेको कुरालाई ध्यानमा राखिनुपर्छ।

अनुसन्धान गरिएको एउटा घटनामा, वाईसीएलद्वारा वित्तीय हिनामिनामा आरोपित एक ६३-वर्षीय व्यापारीलाई पक्रेर दुईवटा छुट्टाछुट्टै ठाउँमा २४ घण्टा राखियो र घुस्सा, लात्ती र फलामको डन्डी तथा छालाको पेटीले उनको शरीरभरि पिट्ने लगायतका चरम अभद्र व्यवहार गरियो। उच्चायुक्तको कार्यालयले फोटो तथा चिकित्साविज्ञसँगको अन्तर्वार्तामार्फत् पीडितका चोटपटकहरूको अभिलेख गऱ्यो।[५]

केही पीडित वा तिनका परिवारहरूले प्रतिशोधको डरले गर्दा उच्चायुक्तको कार्यालयलाई नेकपा-माओवादीका प्रतिनिधिहरूसमक्ष आफ्ना मुद्दाहरू नउठाइदिन अनुरोध गरेका छन्। अन्यले उच्चायुक्तको कार्यालयलाई सम्बन्धित व्यक्ति रिहा नभएसम्म मात्र ती मुद्दा उठाइदिन तर विवरणहरू प्रकाशित नगर्न अनुरोध गरेका छन्।

दुईवटा घटनामा वाईसीएलले अपहरणका निम्ति आफूहरू जिम्मेवार नभएको दाबी गर्दै उच्चायुक्तको कार्यालयलाई भ्रमित गर्ने कोसिस गऱ्यो। उच्चायुक्तको कार्यालयका अनुसन्धानले वाईसीएल प्रत्यक्षरूपमा जिम्मेवार भएको पुष्टि गरे। उदाहरणार्थ, काठमाडौंस्थित एक म्यानपावर कम्पनीका निर्देशकलाई अपिरिचित व्यक्तिहरूद्वारा चैत २५ गते अपहरण गरियो। उनलाई कसले अपहरण गरेको भन्ने सुरुमा स्पष्ट नभए तापनि उनलाई सोही दिन अपराह्न ललितपुर जिल्लामा वाईसीएलसमक्ष बुझाइयो र हप्ता दिनपछि रिहा नभइन्जेल उनी तिनकै नियन्त्रणमा रहे। वाईसीएलले उच्चायुक्तको कार्यालयसमक्ष जिम्मेवारीलाई अस्वीकार गऱ्यो र सो म्यानपावरका प्रतिनिधिलाई आपराधिक गतिविधि गरेको आरोप लगाउँदै उनलाई नेकपा-माओवादीसँग अनाबद्ध व्यक्तिहरूद्वारा पक्रेर राखिएको दाबी गऱ्यो। वाईसीएलले अपहृत व्यक्तिलाई केरकार गरेको र निजलाई रिहा गरिनुभन्दा अघि उनका आरोपित गल्तीको सट्टामा कागजपत्रमा सही गरी जग्गा हस्तान्तरण गर्न निजलाई र निजको परिवारलाई दबाब दिएको भनियो। बन्दी बनाइएको ठाउँमा उच्चायुक्तको कार्यालयले भ्रमण गर्ने क्रममा वाईसीएलले सो पीडितलाई ट्याक्सीमा लुकाएको पनि भनिएको थियो।

वाईसीएलद्वारा अपहृत २१ व्यक्तिमध्ये, जसका घटनाका सम्बन्धमा उच्चायुक्तको कार्यालयले काठमाडौं उपत्यकामा अनुसन्धान गऱ्यो, अधिकांशलाई रिहा गरियो। वाईसीएलद्वारा बन्दी बनाइएको एकदेखि सात दिनको बीचमा पाँचजनालाई प्रहरीसमक्ष बुझाइयो। त्यसयता एकजनाबाहेक सबै प्रहरीद्वारा धरौटीमा रिहा गरिएका छन्। वाईसीएलले आफ्ना मोबाइल, गरगहना, जग्गा धनीपुर्जा जफत गरेको वा आफ्नो रिहाइको बदलामा जग्गाजमिन हस्तान्तरण गर्न कागजपत्रमा सही गराउन राजी गर्न कोसिस गरेको कुरा काठमाडौंका अपहृतमध्ये केहीद्वारा उच्चायुक्तको कार्यालयलाई बताइयो। अन्य घटनामा अपहृत व्यक्तिहरूलाई बन्दी अवस्थाबाट रिहाइ गरिनुभन्दा अघि वाईसीएललाई फिरौती वा रिहाइको लागि रकम बुझाइएको भनिएको छ।

माथि जनाइए झैं अनुसन्धान गरिएका अपहरणसम्बन्धी घटनामध्ये धेरैमा, वाईसीएलले पीडित व्यक्ति आपराधिक गतिविधिमा संलग्न भएको आरोप लगायो। केही घटनामा, वाईसीएलले तस्करी, चोरी वा हत्या जस्ता माथि उल्लिखित आपराधिक गतिविधिहरूको बारेमा प्रहरीलाई थाहा भएको तर सोबारे तिनले अनुसन्धान नगरेको वा शङ्कास्पद व्यक्तिलाई नपक्रेको आरोप लगायो। काठमाडौंमा हालै भएको धेरै चर्चित घटनामा, वाईसीएलले एक परिचित व्यापारीलाई समात्यो र प्रहरीलाई बुझायो, जसविरुद्ध पक्राउ पुर्जी जारी थियो तर त्यसअनुसार काम गरिएको थिएन।

वाईसीएलका राष्ट्रिय तथा काठमाडौं उपत्यका प्रतिनिधिहरूसँगका हालैका बैठकहरूमा, उच्चायुक्तको कार्यालयलाई वाईसीएलले आवश्यक ठानेका कारबाही गर्न प्रहरी विफल भएमा जनताको तर्फबाट कार्य गर्ने कानुनी तथा नैतिक अधिकार छ भन्ने वाईसीएल ठान्दछ भन्ने कुरा जानकारी गराइएको थियो। प्रहरीले कारबाही नगरेमा कानुन आफ्नो हातमा लिनु जनताको अधिकार हो भन्ने कुरा वाईसीएलले उच्चायुक्तको कार्यालयलाई थप बतायो।

[५] उनलाई १५- २० जना वाईसीएलका सदस्यहरूद्वारा काठमाडौंस्थित आफ्नै निवासबाट वैशाख ४ गते अपहरण गरिएको थियो। वाईसीएलका कार्यकर्ताहरूले फोन लाइन काटे र परिवारका सदस्य तथा घरेलु कामदारहरूलाई शारीरिकरूपले नियन्त्रण गरे र धम्की दिए। प्रहरी घरमा आए तर यो आन्तरिक मामला हो भन्दै वाईसीएलले फर्काइ दिएपछि तिनीहरू छोडेर गए।

प्रमाणको अभावमा वाईसीएलद्वारा बुझाइएका व्यक्तिहरूलाई आफूले रिहा गरेको भनेर प्रहरी बारम्बार भन्ने गर्छ, तर अधिकांशत उनीहरू आफै सक्रिय भएर अनुसन्धान गर्न खोजेको देखिँदैन। उदाहरणार्थ, औपचारिक उजुरी नभएसम्म अपराधका अनुसन्धान गर्न प्रहरीले अस्वीकार गरेको वा अनुसन्धान गर्न स्वीकार्नुभन्दा अघि पीडकहरूको नाम तोक्ने भार अपराध वा दुर्व्यवहारबाट पीडित व्यक्तिहरूमाथि नै राखेको कुरालाई उच्चायुक्तको कार्यालयले बारम्बार उल्लेख गरेको छ।

तैपनि, पहिले उल्लेख गरेजस्तै, दुर्व्यवहार र कानुनभन्दा बाहिर गएर गर्ने कार्यलाई उचित ठहऱ्याउन प्रहरी अकर्मण्यतालाई प्रयोग गर्न सकिँदैन। वाईसीएल र अपहरणका निम्ति जिम्मेवार नेकपा-माओवादीका अन्य सङ्गठनहरूसमेतद्वारा प्रयोग गरिएका विधिहरूलाई उच्चायुक्तको कार्यालय स्वैच्छिक तथा कानुनी आधारबिनाको ठान्दछ।

सरकारी मुद्दासम्बन्धी ऐनले अर्को व्यक्तिद्वारा अपराध[६] हुँदै गरेको देखेमा त्यस्तो व्यक्तिलाई "पक्रन" र त्यसपछि सबैभन्दा नजिकको प्रहरी कार्यालयमा बुझाउन कुनै पनि व्यक्तिलाई अनुमति दिन्छ। यसरी कानुन कार्यान्वयन गर्ने कर्मचारीदेखि बाहेककाले अपराध गरिरहेको व्यक्तिलाई भाग्न नदिन हस्तक्षेप गर्नसक्छ तर अन्य किसिमले कुनै पनि व्यक्तिलाई उसको स्वतन्त्रताबाट वञ्चित गर्नु हुँदैन। सरकारी मुद्दासम्बन्धी ऐनले अपराध भएको, भइरहेको वा हुनलागेको थाहा पाउने व्यक्तिले यथाशक्य चाँडो उपलब्ध भएसम्म वा निजले देखे वा थाहा पाएसम्म सम्बद्ध प्रमाण उल्लेख गर्दै नजिकको प्रहरी चौकीमा लिखित उजुरी वा मौखिक जानकारी दर्ता गरेर यस्तो जानकारी दिनुपर्छ भन्ने उल्लेख गर्दछ। यसअतिरिक्त, अन्तर्राष्ट्रिय कानुनले कुनै पनि व्यक्तिलाई हिरासतमा लिँदा कानुनद्वारा तोकिएबमोजिमको आधिकारिक थुना केन्द्रमा मात्र राख्न सकिने कुराको माग गर्दछ।

***मत व्यक्त गर्न, भेला हुन तथा सङ्घसंस्था खोल्न पाउने स्वतन्त्रता र सम्बद्ध अधिकार***

२०६४ वैशाखको युद्धविराम र त्यसपछिको राजनीतिक घटनाक्रमपछि मत व्यक्त गर्न, भेला हुन तथा सङ्घसंस्था खोल्न पाउने स्वतन्त्रताको अधिकारप्रतिको सम्मान निकै बढेको छ। लोकतान्त्रिक व्यवस्थाको निर्माण तथा निर्वाचन प्रक्रियाको अङ्गको रूपमा ती अधिकारहरूको पूर्ण पुनर्स्थापना अत्यावश्यक छ। तर, ती अधिकारहरूमाथिको अतिक्रमण, खासगरी वाईसीएल र नेकपा-माओवादीसँग आबद्ध अन्य सङ्गठनहरूद्वारा, जारी रहेको कुरा उल्लेख गर्नु चिन्ताजनक छ। यद्यपि, मधेशी तथा आदिवासी सङ्गठनहरूद्वारा आह्वान गरिएका बन्दलगायत तराईका अन्य सङ्गठनका गतिविधि एवं सशस्त्र समूहका गतिविधिहरूले पनि ती अधिकारमाथि असर गरेका छन् भन्ने कुरालाई ध्यान दिइनुपर्छ।

वाईसीएलद्वारा बैठक, ऱ्याली, प्रदर्शन वा अन्य राजनीतिक गतिविधि बिथोल्ने कार्य पुसयता कैयन ठाउँमा भएका छन् र बताइएका घटनाहरूमध्ये अधिकांश पश्चिमाञ्चल क्षेत्रमा घटेका छन्। केही घटनामा पीडितहरूलाई चोटपटक लागेर अस्पतालमा भर्ना गर्नुपरेको छ। लक्ष्यित गरिएका अधिकांश समूहहरूलाई नेकपा-माओवादी/वाईसीएलद्वारा प्रतिगामी शक्तिको रूपमा हेरिन्छ, जस्तो, राष्ट्रिय प्रजातन्त्र पार्टी-नेपाल (राप्रपा-नेपाल) जसलाई तिनले (र सात दलमा भएका अन्य राजनीतिक दलहरूले) जनआन्दोलन दमन गरेको आरोप लगाए। मधेशी सङ्गठनहरूलाई पनि लक्ष्यित गरिएको छ, यद्यपि कहिलेकाहीं ती मधेशी सङ्गठनहरू स्वयं हिंसाका लागि जिम्मेवार रहेका छन्।

उदाहरणार्थ, पूर्वाञ्चल क्षेत्रको झापा जिल्लामा सात दलअन्तर्गतका विद्यार्थी सङ्गठनहरूबाट आएको तर वाईसीएलद्वारा नेतृत्व गरिएको करिब १५०० जनाको प्रदर्शनले राप्रपा-नेपालको बैठक भइरहेको होटेललाई घेराउ गरेर सहभागीहरूमध्ये केहीलाई कुटपिट गर्दै चलिरहेको कारबाही बिथोल्दियो। उच्चायुक्तको कार्यालयसँग भएको एक बैठकका क्रममा वाईसीएलले हिंसाका लागि जिम्मेवारी स्वीकार गऱ्यो। वाईसीएलका सदस्यहरूद्वारा माघ २७ गते दिउँसो पश्चिमाञ्चल क्षेत्रको लमजुङ जिल्लामा सोही दिन हुने कार्यक्रम रहेको जिल्ला बैठकमा भाग

[६] यसमा मुलुकी ऐनमा परिभाषित अपराध एवं सार्वजनिक अपराध ऐनअन्तर्गतका अपराधहरू पर्दछन्।

लिन आइपुगेका राप्रपा-नेपालका समर्थकहरूलाई कुटपिट गरिएको भनिएका घटनामा भौतिक प्रहारसम्बन्धी रिपोर्टहरूको पनि उच्चायुक्तको कार्यालयले अनुसन्धान गर्‍यो।

सबैभन्दा पछिल्ला घटनाहरूमध्ये एउटामा अर्को राप्रपा, राप्रपा-राणा, का सदस्यहरूलाई पश्चिमाञ्चल क्षेत्रको पर्वत जिल्लामा लक्ष्यित गरियो। अन्तर्वार्ता लिइएका अनेकौं प्रत्यक्षदर्शीहरूका अनुसार, जेठ १३ गते वाईसीएलका कार्यकर्ता, नेपाली काङ्ग्रेस-प्रजातान्त्रिक (नेका-प्र)सँग आबद्ध विद्यार्थी र जनमोर्चाका सदस्यहरूसहित ७० जति युवाहरू राप्रपा-नेपालको जिल्लास्तरीय राजनीतिक अभिमुखीकरण बैठक भइरहेको हलभित्र प्रवेश गरे, कागजातहरू थुते र राप्रपा-राणाका सदस्य तथा समर्थकहरूलाई कुटपिट गरे। त्यहाँ उपस्थित ७० सदस्यमध्ये करिब २० जना सामान्य घाइते भए। त्यसको लगत्तै १० प्रहरी आइपुगे तर उनीहरूले स्थितिलाई नियन्त्रण गर्न सकेनन्। सो कार्यक्रम नबिथोलिने र राप्रपा-राणाले जिल्लाहरूमा स्वतन्त्रतापूर्वक आफ्ना राजनीतिक गतिविधि आयोजना गर्नसक्ने आश्वासन नेकपा-माओवादीले दिएको कुरा राप्रपा-राणाको राष्ट्रिय नेतृत्वले आफूहरूलाई जानकारी दिएको कुरा राप्रपा-राणाका एक क्षेत्रीय प्रतिनिधिले उच्चायुक्तको कार्यालयलाई बताए। उक्त हिंसाबारे प्रहरीमा कुनै पनि उजुरी दायर गरिएको छैन र उक्त घटनाका सम्बन्धमा कसैलाई पनि पक्राउ नगरिएको प्रजिअले पुष्टि गरे। पर्वतका वाईसीएलका अध्यक्षले घटनामा वाईसीएलको संलग्नता अस्वीकार गरे र यो झुटो आरोप भएको कुरा बताए। स्थानीय जनता र राजाविरोधी केही युवाहरूले सो कार्यक्रम बिथोलेको र वाईसीएलले तिनका पहललाई "नैतिकरूपले" समर्थन गरेको कुरा वाईसीएलका अध्यक्षले उच्चायुक्तको कार्यालयलाई जानकारी गराए। राप्रपा-राणाको सट्टा राप्रपा-नेपालद्वारा सो कार्यक्रमको आयोजना गरिएको भन्ने हल्लाले गर्दा राप्रपा-राणाको बैठक बिथोलिएको कुरा केही स्रोतले उच्चायुक्तको कार्यालयलाई जानकारी गराए।

पश्चिमाञ्चल क्षेत्रको अर्को घटनामा, वाईसीएलका कार्यकर्ताहरूले जेठ १४ गते भैरहवामा बैठक गरिरहेका जनमोर्चासँग आबद्ध विद्यार्थी युनियन अनेरास्ववियु (छैटौं)का विद्यार्थीको समूहमाथि आक्रमण गरे। उच्चायुक्तको कार्यालयद्वारा सङ्कलित जानकारीअनुसार, बैठकपछि दुईवटा जिपमा आएका काठ र फलामका डन्डी बोकेका वाईसीएलका करिब ६०-७० कार्यकर्ताहरूले ३० जनाजति सहभागीको समूहलाई आक्रमण गरे। त्यसपछि भएको लडाइँमा कतिपय विद्यार्थी तथा वाईसीएलका कतिपय सदस्यहरू घाइते भए। रूपन्देहीका वाईसीएलका अध्यक्षले विद्यर्थीहरूले वाईसीएलको साइनबोर्ड हटाई त्यसको ठाउँमा वाईसीएल विरोधी नारा भएको साइनबोर्ड राखेकाले सो घटना भड्केको जानकारी उच्चायुक्तको कार्यालयलाई गराए। प्रहरी उपस्थित भए तापनि वाईसीएलले विद्यार्थीहरूमाथि आक्रमण गर्दा उनीहरू त्यसलाई रोक्न प्रत्यक्ष संलग्न भएनन्। थप प्रहरी बल आइपुग्नुभन्दा अघि हिंसाको अन्त्य भयो। अनेरास्ववियु (छैटौं)ले जिप्रकामा वाईसीएलविरुद्ध मुद्दा दायर गरेको छैन र प्रहरीले सो घटनाको अनुसन्धान गरिरहेको छैन।

नेकपा-माओवादीसँग आबद्ध अखिल नेपाल ट्रेड युनियन महासङ्घ (अन्टुफ)को समर्थित अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन क्रान्तिकारी (अनेरास्ववियु-क्रान्तिकारी)का कार्यकर्ताहरू पद्मकन्या क्याम्पसभित्र जबर्जस्ती प्रवेश गरेपछि वैशाख १६ गते काठमाडौंमा भएको आक्रमणमा पनि विद्यार्थीहरू घाइते भए। छात्रवृत्तिसम्बन्धी अन्तर्वार्ता समितिमा आफ्नो प्रतिनिधित्व होस् भनी अनेरास्ववियु-क्रान्तिकारीले राखेको मागले सो घटना भड्केको थियो। सो माग सबै विद्यार्थीको प्रतिनिधित्व गर्ने निर्वाचित विद्यार्थी युनियनको रूपमा आफूलाई हेर्ने नेपाल विद्यार्थी सङ्घ (नेवि सङ्घ)बाट अस्वीकार गरिएको थियो। नेकपा-माओवादीका कार्यकर्ताहरूले नेवि सङ्घका सदस्यहरूलाई लात्तले हान्न र लट्टी तथा फलामका डन्डीले कुट्न थाले। नेवि सङ्घका पाँच महिला सदस्य, सबै नेपाली काङ्ग्रेससँग आबद्ध, नराम्ररी घाइते भए, जसमध्ये तीनजना गम्भीररूपले। भित्री चोट, भाँचिएका हातखुट्टा तथा टाउकामा लागेको चोटपटकका कारण उनीहरू एक हप्ताका लागि अस्पतालमा भर्ना गरिए। अनेरास्ववियु-क्रान्तिकारीका छ सदस्यलाई पनि सामान्य चोटपटक लागेको भनियो।

अनेरास्ववियु-क्रान्तिकारी तथा अन्टुफका केही सदस्यहरूले आफ्नै वाईसीएल इकाइहरू गठन गरेका र ती सदस्यमध्ये केही सो आक्रमणमा सहभागी बनेको कुरा उच्चायुक्तको कार्यालयलाई बताइयो। सामान्य वाईसीएल संरचनाअन्तर्गत नपर्ने स्वतन्त्र वाईसीएल इकाइहरू अनेरास्ववियु-क्रान्तिकारी तथा अन्टुफभित्र विद्यमान रहेका

भन्ने कुरा वाईसीएलका काठमाडौं जिल्लास्तरीय सदस्यहरूसँगको अन्तर्वार्ताका क्रममा पनि पुष्टि भयो। सो आक्रमणमा सहभागी बनेका सदस्यहरू वाईसीएलको साधारण संरचनाका अङ्ग होउन् वा नहोउन्, उक्त आक्रमण मानवअधिकार, सम्झौता तथा राष्ट्रिय कानुनको सम्मान गर्ने नेकपा-माओवादीको प्रतिबद्धताको उल्लङ्घन भएको उच्चायुक्तको कार्यालयको अनुसन्धानले निष्कर्ष निकाल्यो। घटनास्थलमा प्रहरी उपस्थित भए तापनि उनीहरूले हिंसालाई रोक्न सकेनन्। कुनै पनि प्रहरी अनुसन्धान सुरु गरिएको छैन र कुनै पनि जाहेरी दरखास्त दर्ता गरिएको छैन।

वाईसीएल र मधेशी सङ्गठनहरूबीचको तनावको परिणामस्वरूप पनि हिंसा भएका छन् र कहिलेकाहीं घातक परिणामसहित। नेकपा-माओवादीका २७ सदस्य, तीमध्ये केही वाईसीएलका कार्यकर्ता, को चैत ७ गते गौरमा भएको पाशविक हत्याको घटना र विशेषगरी हत्याकाण्ड तथा सो हत्याकाण्ड निम्त्याउने हिंसा हुन नदिन कानुन कार्यान्वयन गर्ने निकायहरूको विफलताका सम्बन्धमा उच्चायुक्तको कार्यालयले प्रतिवेदन जारी गरिसकेको छ। सो प्रतिवेदनले फोरमले नै र्‍यालीको आयोजना गरेकै ठाउँ र समयमा नेकपा-माओवादीले उत्तेजित पार्ने ढङ्गले र्‍यालीको आयोजना गरेको उल्लेख गर्‍यो, जसमा वाईसीएलले ठूलो भूमिका खेलेको थियो र फोरमले जस्तै यसले स्पष्टरूपले बढ्दै गइरहेको तनावलाई कम गर्न कुनै पनि मद्दत पुर्‍याएन।

पूर्वाञ्चल क्षेत्रको झापा जिल्लाको भद्रपुरमा जेठ ३० गते हुन लागेको मधेशी सङ्गठनहरूको बैठक बिथोल्ने आफूले निर्णय लिएको कुरा वाईसीएल र नेकपा-माओवादी झापाका एक प्रतिनिधि दुवैद्वारा उच्चायुक्तको कार्यालयलाई जानकारी गराइयो। गौर हत्याकाण्डका जिम्मेवारहरूविरुद्ध कारबाही गर्ने धम्कीयुक्त नाराहरू भएका कागज कार्यक्रम हुन लागेको स्थलको प्रवेशद्वारको पर्खालमा टाँसिएका थिए। प्रजिअले मधेशीको सो बैठकमाथि प्रतिबन्ध लगाएपछि सम्भावित हिंसा अन्तत टर्‍यो। उच्चायुक्तको कार्यालयले वाईसीएलका एक राष्ट्रिय प्रतिनिधिसँग पनि सम्भावित हिंसाबारे आफ्ना चिन्ताहरू उठाउन सम्पर्क गर्‍यो। पछि उक्त प्रतिनिधिले आफूले सो क्षेत्रका नेकपा-माओवादी/वाईसीएलका प्रतिनिधिहरूलाई तुरुन्तै सम्पर्क राखेको र त्यहाँ कुनै पनि हिंसा नहुने आश्वासन दिइएको कुरा उच्चायुक्तको कार्यालयलाई बताए।

पश्चिमाञ्चल क्षेत्रमा पनि वाईसीएलले फोरमद्वारा आयोजित गतिविधिहरू बारम्बार बिथोलेको छ। रूपन्देही जिल्लाको भैरहवामा कम्तीमा तीनपटक वाईसीएलले फोरमका सदस्यहरूमाथि भौतिकरूपले प्रहार गरेको र तिनलाई अपहरण गरेको छ, जसलाई फोरमले पनि कहिलेकाहीं हिंसाबाट नै प्रतिकार गरेको छ। फोरमलाई त्यहाँ उनीहरूको आधार क्षेत्र स्थापना गर्न नदिनु आफ्नो आशय रहेको कुरा वाईसीएलले उच्चायुक्तको कार्यालयलाई बताएको छ। लहानमा नेकपा-माओवादीका एक कार्यकर्ताद्वारा मारिएका एक मधेशी युवाप्रति श्रद्धाञ्जली व्यक्त गर्न फोरमद्वारा २०६३ माघ ११ गते भैरहवामा आयोजित र्‍यालीको क्रममा वाईसीएलका कार्यकर्ताहरूले फोरमका दुई नेतालाई अपहरण गरे र प्रहरीसमक्ष बुझाउनुभन्दा अघि ती व्यक्तिलाई शारीरिकरूपले प्रहार गरे। फागुन ११ गते वाईसीएलका कार्यकर्ताहरूले भैरहवामा फोरमद्वारा आयोजित राजनीतिक कार्यक्रमलाई बिथोल्ने कोसिस गरे। छिमेकी जिल्ला नवलपरासीबाट फोरमका थप सदस्यहरू आएपछि नेकपा-माओवादीका दुई कार्यकर्तालाई चरमरूपले कुटपिट गरियो र वाईसीएलका दुईवटा गाडी जलाइए। प्रतिकारमा, नेकपा-माओवादी/वाईसीएलका कार्यकर्ताहरूलाई बुटवलबाट ठूलो सङ्ख्यामा खटाइयो, जहाँ उनीहरू नेकपा-माओवादीको भोलिपल्ट हुने तय भएको आमर्‍यालीमा भाग लिन जम्मा भएका थिए। त्यहाँ आइपुग्नासाथ उनीहरूले सुरुको बैठकस्थलमा जम्मा भएका फोरमका समर्थकहरू एवं कार्यक्रमस्थलका क्षेत्रमा बसोवास गरेका अन्य मधेशीहरूमाथि जथाभाबी कुटपिट गरे। त्यसपछि वाईसीएलका कार्यकर्ताहरूले ५२ जनालाई जम्मा गरे, तिनलाई वाईसीएल बसेको नजिकको सभाहलमा लगे र उच्चायुक्तको प्रत्यक्ष संलग्नतामा छोड्नुअघि पाँच घण्टासम्म तिनलाई त्यहाँ नियन्त्रणमा राखे।

भैरहवामा फेरि वाईसीएलका कार्यकर्ताहरूले चैत ४ गते फोरमलाई प्रेस सम्मेलन गर्न दिएनन्। उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका प्रत्यक्षदर्शीका अनुसार, लट्ठी बोकेका वाईसीएलका ४० देखि ६० कार्यकर्ताले प्रेस सम्मेलन हुने तय गरिएको होटेल घेराउ गरे। उनीहरू होटेलका कर्मचारीलाई फोरमलाई सघाएको आरोप

लगाउँदै पाहुनाहरू बसेका समेत सबै कोठामा पसेर फोरमका कार्यकर्ताहरूलाई खोज्न थाले। तर, फोरमका कार्यकर्ताहरू भाग्न सफल भए। पीडकहरू विद्यार्थीहरूको मिश्रित समूह भएको उल्लेख गर्दै नेकपा-माओवादीको जिल्ला नेतृत्वले वाईसीएलको संलग्नतालाई अस्वीकार गरे तापनि प्रत्यक्षदर्शीहरूले जिम्मेवारहरूका बीचमा वाईसीएलको जिल्ला नेतालाई पहिचान गरे।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुन[७]ले राजनीतिक बैठक र ऱ्यालीलगायत शान्तिपूर्णरूपले भेला हुन पाउने अधिकारको सम्मान गरिनुपर्दछ भन्ने माग गर्दछ। यस्ता गतिविधिहरूलाई राज्यद्वारा मात्र सीमित गर्न सकिन्छ, जुन : कानुनअनुरूप लगाइएको; कुनै पनि लोकतान्त्रिक समाजमा आवश्यक; राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा आचार वा अरूका स्वतन्त्रता तथा अधिकारहरूको संरक्षणको हितमा हुन्छन्। सम्झौतामा नेकपा-माओवादी "विचार, अभिव्यक्ति, सङ्घसंस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता" र "शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा सहभागी हुने स्वतन्त्रता"को सम्मान गर्न स्पष्टरूपले सहमत भयो।[८] कुनै सङ्गठन राजतन्त्रवादी तथा "प्रतिगामी शक्ति"सँग सम्बन्धित छ भनी आरोप लगाइएको तथ्यलाई मात्र विध्वंशात्मक र प्रायः हिंसात्मक कार्य गर्ने बहानाको रूपमा प्रयोग गर्न सकिँदैन।

***पूर्वकमैया तथा सुकुम्बासी जनताका सम्बन्धमा बर्दियामा विभिन्न घटना***

अझ जटिल घटनाहरूको समुच्चयमध्येको एउटा घटना — जसमा वाईसीएललाई भड्काउने कार्यमा व्यापकरूपमा संलग्न भएको भन्ने आरोप लगाइएको छ र जसको उच्चायुक्तको कार्यालयले अनुसन्धान गरेको थियो — वैशाखमा मध्यपश्चिमाञ्चल क्षेत्रमा घट्यो। ती घटना सीमा नियन्त्रणका लागि बर्दिया जिल्लाको सानोश्री गाविसस्थित कुसुम्बा बजारको कपास विकास समितिका भवनमा वैशाख १७ गते सशस्त्र प्रहरी बल (सप्रब)को एक अस्थायी इकाइको स्थापनाले गर्दा भएका थिए। उच्चायुक्तको कार्यालयद्वारा सङ्कलित जानकारीअनुसार, बर्दिया जिल्लामा भएका प्रदर्शनको क्रममा त्यहाँ तीनवटा हिंसात्मक घटना भएका थिए – दुईवटा वैशाख १७ र १९ गते सानोश्री गाविसमा र एउटा वैशाख २२ गते जिल्ला सदरमुकाम गुलरियामा।

ती घटनामा विभिन्न समयमा मुक्त कमैया (पूर्वबँधुवा मजदुर),[९] सप्रब, वाईसीएल र व्यापारी तथा नेकपा-माओवादीबाहेक अन्य राजनीतिक दलका सदस्यहरूसहित स्थानीय मानिसहरूको एउटा समूहलगायत विभिन्न समूह संलग्न थिए। प्रहरी चौकी स्थापना भइरहेको तथा मुक्त कमैयाद्वारा खेतीपाती गरी आएको कपास विकास समितिको हाताभित्रको जमिन खोसिनेछ भन्ने तथ्यमा सुरुको विरोध केन्द्रित थियो। यसले सो हाताभित्र वा त्यसको आसपास बस्दै आएका मुक्त कमैयाहरूलाई विस्थापित गरिने हो कि भन्ने डर पनि उत्पन्न गरायो। चौकीको स्थापना गर्नेबारे आठदलीय सम्झौता भएको देखिए तापनि आफूलाई सो जमिनमा बस्न दिइने निर्णयलगायतका सम्बन्धमा जानकारी नदिइएको वा आफूसँग परामर्श नगरिएको मुक्त कमैयाहरू बताउँछन्।

सो प्रहरी चौकी स्थापना भएको साँझ वैशाख १७ गते हिंसाको पहिलो घटना घट्यो। स्थानीय मुक्त कमैया र सम्भवत वाईसीएलका सदस्यहरूको समूह उक्त चौकी स्थापनाको विरोध गर्न कपास विकास समितिको हाताबाहिर भएको प्रदर्शनमा सहभागी बन्यो। सो भिड ढुङ्गा हान्दै हिंसात्मक भएको कुरा प्रहरीले उल्लेख गऱ्यो। जवाफी कारबाहीमा प्रहरीले लाठी चार्ज तथा हवाई फायरलगायतका बलको प्रयोग गरेको भनियो। घाइतेहरूको सङ्ख्या अज्ञात रहे तापनि केहीलाई सामान्य चोटपटक लागेको थियो र प्रहरीद्वारा प्रयोग गरिएको बल अत्यधिक थियो कि थिएन भन्ने स्पष्ट छैन। नेकपा-एमालेका स्थानीय सदस्यहरूका अनुसार, यी घटनापछि तिनका

---

[७] आईसीसीपीआर, धारा २१

[८] सम्झौता, भाग ७.४.१ र ७.७.१.

[९] 'कमैया' सरकारद्वारा २०५७ साउन २ गते औपचारिक रूपमा उन्मूलन गरिएको बँधुवा मजदुर प्रथा हो। यसले विशेषतः थारू तथा दलितहरूलाई असर गरेको थियो। निर्वाहको वैकल्पिक साधन नभएका सुकुम्बासीहरू आफूले खानका लागि नगद वा जिन्सीको रूपमा लिएको ऋणको बदलामा जमिन्दारको जग्गाजमिनमा बस्थे र काम गर्थे। यस प्रथाअन्तर्गत सम्पूर्ण परिवार मजदुरी गर्न बाध्य गरिएका थिए। यस प्रथाको उन्मूलन भए तापनि जमिन तथा अन्य सहायतामा पूर्वकमैयाको पहुँचको प्रश्न अझै पूर्णरूपमा समाधान भइसकेको छैन। सरकाले सीमित पुनर्स्थापना सहायता उपलब्ध गरायो – उदाहरणार्थ, सन् २००२ मा जग्गाका साना कित्ता केही मुक्त कमैयाहरूलाई वितरण गरियो। तर, यस्तो सहायता सबैलाई पुगेन र व्यापक अनियमितता भएको भनिएको छ।

कार्यालयको बाहिरी भाग सोही क्षेत्रका मानिसहरूको अपरिचित समूहद्वारा तोडफोड गरिएको थियो, जसले साइनबोर्ड तथा झण्डा ध्वस्त बनाएका थिए।

मुक्त कमैया तथा वाईसीएल (जो उपस्थित थिए तर जसको संलग्नता कुन हदसम्म थियो भनेर यकिन भइसकेको छैन)को एक समूह सो समितिको हाताबाहिरको प्रदर्शनमा फेरि भाग लिइरहेका बेला दोस्रो हिंसात्मक घटना वैशाख १९ गते घट्यो। व्यापारी तथा राजनीतिक दलका सदस्यहरूलगायत १०० देखि ३०० स्थानीय मानिसहरूको समूह प्रहरी चौकी स्थापनाका पक्षमा तथा आह्वान गरिएको बन्दको विरुद्धमा प्रदर्शन गर्दै त्यहाँ पुगेपछि हिंसा भएको कुरा विभिन्न रिपोर्टहरूले उल्लेख गरेका छन्। सुरुका प्रदर्शनकारीहरू र अगाडि बढिरहेको समूहबीच झडप भएपछि र सप्रब सटगनबाट छर्रा र गोली प्रहार गर्दै तथा लाठी प्रहार गर्दै प्रत्यक्षतः संलग्न भएपछि हिंसा भएको कुरामा विभिन्न स्रोत मेल खान्छन्। झडपमा सप्रबका सात कर्मचारी र दस सर्वसाधारण घाइते भएको कुरा उच्चायुक्तको कार्यालयले प्रमाणित गऱ्यो। सप्रबका ती सात कर्मचारीले फ्याँकिएका ढुङ्गाबाट आफू घाइते भएको कुरा उच्चायुक्तको कार्यालयलाई बताए। प्रहरीको अभिलेखअनुसार, ती दसजना सर्वसाधारणमा तीन नेकपा-माओवादीका सदस्य, पाँच मुक्त कमैया, एक सुकुम्बासी र एक व्यापारी छन्। स्थानीय स्रोतहरूका अनुसार, सो प्रदर्शनपछि वाईसीएलका कार्यकर्ताहरू ठानिएका अपरिचित व्यक्तिहरूको एउटा समूहले नेकपा-एमाले, नेका र नेका (प्र)का सदस्यका घरहरूमा छानीछानी ढुङ्गा हानेर केही झ्याल फुटाए तथा नेकपा-एमालेका दुई सदस्यका दुईवटा मोटरसाइकलमा आगो लगाए।

उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका राज्यअधिकारीहरू सबैले वैशाख १७ र १९ गते सानोश्री गाविसमा भएका प्रदर्शन तथा हिंसात्मक घटनाहरूका पछाडि वाईसीएलको हात रहेको आफूहरूलाई लागेको कुरा बताए। छापामा आएका लगायतको आमधारणा वाईसीएलका कार्यकर्ताहरूले मुक्त कमैयाहरूको बीचमा आन्दोलन गरेर स्थितिलाई झन भड्काइरहेको र प्रदर्शनको क्रममा शब्दशः "उनीहरूलाई अगाडि धकेलिरहेको" देखिन्छ। तर, मुक्त कमैयाका प्रतिनिधिहरू, वाईसीएल, नेकपा-माओवादी तथा स्थानीय व्यापारिक सङ्घका एक प्रतिनिधिले ती प्रदर्शनहरू स्थानीय मुक्त कमैया समुदायद्वारा भएको वास्तविक विरोध भनी जोड दिए। वाईसीएल तथा नेकपा-माओवादी आफूहरूले आन्दोलनलाई सहयोग गरेको तर सक्रियरूपमा संलग्न नभएको दाबी गर्छन्।

सुरुको विरोध कार्यक्रमहरूपछि वैशाख २० गते अपराह्नसम्ममा सानोश्री गाविसमा भएका घटनाहरूले गर्दा सुकुम्बासीको अधिकारका लागि अझ व्यापक जिल्लास्तरीय अभियान गर्न उकास्यो। थारू राष्ट्रिय मुक्ति मोर्चाद्वारा चक्काजामको आह्वान गरियो र त्यसपछि मुक्त कमैया तथा सुकुम्बासीका निम्ति जग्गा बाँड्न आह्वान गर्दै वैशाख २१ र २२ गते थारूवान क्षेत्रका जिल्लाहरूमा बन्द गरियो। मुक्त कमैयाका समूहहरूद्वारा नेतृत्व गरिएका प्रदर्शन वैशाख २१ र २२ गते गुलरियामा भएका थिए। भूमिसुधार कार्यालय तथा नेपाल विद्युत् वितरण केन्द्रमा प्रदर्शनकारीहरूले आगो लगाएपछि यो पछिल्लो प्रदर्शन हिंसामा परिणत भयो। एक प्रहरी स्रोतका अनुसार, भूमिसुधार कार्यालय अगाडि पुगेपछि प्रदर्शनमा लगभग १००० जना पुगेका थिए। भिडमा भएका अधिकांश मानिस भूमिसुधार कार्यालय पार भइसक्दा प्रदर्शनको पछाडि रहेको एउटा सानो समूह उक्त कार्यालयभित्र पस्दै गरेको देखियो। एक भूमिसुधार अधिकृतका अनुसार, यी व्यक्तिहरूले बर्दिया जिल्लाका १५ वटा गाविस समेट्ने अभिलेखहरूमा क्षति पुग्ने गरी उक्त कार्यालयका चारवटा कोठामा आगो लगाइदिए। त्यसको लगत्तै एउटा गाडी र एउटा कम्प्युटरलगायतको नेपाल विद्युत् वितरण केन्द्रको सम्पत्तिमा आगो लगाइयो। प्रहरीका अनुसार, घटना भएको दिन ४६ जनालाई पक्राउ गरियो – जसमध्ये ३८ जनालाई आगजनी र तोडफोडको अभियोग लगाइयो – र जेठ ७ गते धरौटीमा रिहा गरियो।

विभिन्न स्रोतबाट प्राप्त जानकारीले गुलरियामा भएको हिंसा ठूलो समूहको आशय नभई प्रदर्शनमा भाग लिने व्यक्तिहरूको सानो समूहबाट भएको सङ्केत गर्दछ। प्रदर्शनकारीहरूले लाठी र अन्य हतियार बोकेको भनिए पनि अन्य कुनै हिंसा भएको थिएन। उच्चायुक्तको कार्यालयले वाईसीएलको संलग्नता कति थियो भनेर यकिन गर्न सकेको छैन तर विभिन्न स्रोतबाट प्राप्त जानकारीले प्रदर्शनमै वाईसीएलका कम्तीमा केही कार्यकर्ता संलग्न भएको

र त्यसपछिको हिंसामा कम्तीमा एकजनाले भाग लिएको जनाउँछ। पक्राउ गरिएका ४६ जनामध्ये कम्तीमा पाँचजना वाईसीएलका सदस्य भएको पुष्टि गरियो।

### दुर्व्यवहारका आरोपबारे नेकपा-माओवादी/वाईसीएलको जवाफ

असार ६ गते भएको बैठकमा यस प्रतिवेदनको मस्यौदाको एक प्रति कार्यालयका नेपालस्थित प्रतिनिधिद्वारा अध्यक्ष प्रचण्डलाई प्रदान गरियो। उच्चायुक्तको कार्यालयले यस दस्तावेजमा प्रस्तुत मुद्दाहरू उठायो र यी दुर्व्यवहार सान्दर्भिक मानवअधिकार मापदण्डहरू एवं सम्झौतामा नेकपा-माओवादीले गरेका प्रमुख प्रतिबद्धताहरूविपरीत भएको कुरामा जोड दियो। आफ्नो जवाफमा अध्यक्ष प्रचण्डले उच्चायुक्तको कार्यालयका चिन्तालाई आफूले बुझेको उल्लेख गर्नुभयो र यस्ता दुर्व्यवहार नेकपा-माओवादीको नीतिअनुसार नभएको कुरामा जोड दिनुभयो। उहाँले पार्टीले ती कुरामाथि छलफल गर्ने र तिनलाई सम्बोधन गर्ने आश्वासन दिनुभयो। वाईसीएलमा नेकपा-माओवादीको पूर्वमिलिसिया, जसको स्थिति शान्ति सम्झौताको सन्दर्भमा सम्बोधन गरिएको छैन, समावेश गरिएको उहाँले उल्लेख गर्नुभयो। उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका नेकपा-माओवादीका राष्ट्रिय नेताहरूले पनि दस वर्षे सशस्त्र द्वन्द्व तथा नेकपा-माओवादीलाई एउटा सशस्त्र आन्दोलनबाट प्रतिस्पर्धात्मक बहुदलीय प्रणालीभित्रको एउटा राजनीतिक दलमा रूपान्तरण गर्ने कार्यका सम्भाव्य असरहरूलाई बुझ्नमा वाईसीएलका केही कार्यकर्ताहरूलाई भएको कठिनाइको सन्दर्भमा समस्याहरूमाथि विचार गरिनुपर्छ भनी टिप्पणी गरे।

यस प्रतिवेदनमा उठाइएका मुद्दाहरू काठमाडौंमा असार १ गते भएको बैठकमा वाईसीएलका एक वरिष्ठ नेतासमक्ष प्रस्तुत गरिएका थिए। मानवअधिकारसम्बन्धी सिद्धान्त विपरीत भएका व्यवहारलाई सुधार्ने नेतृत्वको मनसाय दोहऱ्याउँदै "कानुन कार्यान्वयन"को सन्दर्भमा वाईसीएलका व्यवहार दुर्व्यवहारसरह भएको कुरालाई उनले अस्वीकार गरे। उच्चायुक्तको कार्यालयका सबै चिन्तालाई उनले टिपे र आफूले राष्ट्रिय तथा स्थानीय स्तरका पार्टी कार्यकर्तासँग तिनलाई उठाउने कुरा प्रतिनिधिमण्डललाई बताए। पुष्टि भएका दुर्व्यवहारका लागि जिम्मेवार कार्यकर्ताविरुद्ध आन्तरिक अनुशासनात्मक उपाय तथा पुनर्शिक्षामार्फत् कारबाही गरिएको र गरिने कुरामा उनले जोड दिए।

वाईसीएलको केन्द्रीय समितिको बैठकले वाईसीएलका दुर्व्यवहारसम्बन्धी आरोपहरूबारे अनुसन्धान गर्ने निर्णय गरेको दाबी गर्दै जेठमा छापामा समाचार आएपछि उच्चायुक्तको कार्यालयले सो समितिका सदस्यहरूमध्ये एकजनासँग भेट गऱ्यो, जसले वाईसीएलका कार्यको सम्बन्धमा नेकपा-माओवादीले आन्तरिक अनुसन्धान गर्नेसम्बन्धी कुनै पनि निर्णय गरिएको कुरालाई अस्वीकार गरे। वाईसीएलले कुनै गलत काम नगरेको हुनाले यस्ता अनुसन्धानको कुनै आवश्यकता नभएको उनले थप उल्लेख गरे। यसको विपरीत, कानुन र व्यवस्था कायम राख्न प्रहरी अझै निष्क्रिय तथा अप्रभावकारी रहेकाले, वाईसीएलले अपराधका आरोपित पीडकहरूलाई न्यायको कठघरामा ल्याउन आफ्ना कार्यलाई तीव्र बनाउने कुरा उनले उल्लेख गरे।

### राज्यको जवाफ

दुर्व्यवहारका पीडकहरूलाई तिनका कार्यका लागि जवाफदेही बनाउने कार्य – द्वन्द्वको क्रममा वा सन् २००६ अप्रिलको युद्धविरामयता गरिएको होस् या राज्य, नेकपा-माओवादीसँग सम्बन्धित सङ्गठनहरूद्वारा गरिएको होस् – सार्थकरूपमा सम्बोधन गरिनुपर्ने प्रमुख मानवअधिकार मुद्दाहरूमध्ये एकको रूपमा रहिआएको छ। हिंसात्मक कार्य तथा दुर्व्यवहारका लागि जिम्मेवार प्रहरीलगायत अन्य व्यक्तिहरूले जस्तै वाईसीएलका सदस्यहरूले आफ्ना कार्यका लागि सामान्यतया दण्डहीनताको उपभोग गरेका छन्। साथै, कानुन कार्यान्वयन गर्ने निकायहरूसँग हिंसा तथा मानवअधिकार दुर्व्यवहार हुन नदिन कार्य गर्ने तथा सामान्यतया नेपालका नागरिकको संरक्षण गर्ने दायित्व हुन्छ।

हालै केही घटनामा वाईसीएलका केही कार्यकर्ताहरूलाई दुर्व्यवहारको आरोपमा वा सम्बन्धित हिंसात्मक कार्यका सम्बन्धमा पक्राउ गरिएको छ। उदाहरणार्थ, थारू राष्ट्रिय मुक्ति मोर्चा (थारामुमो)द्वारा आयोजित एउटा विरोध कार्यक्रमको क्रममा एउटा समूह जिल्ला प्रशासन अधिकारीको कोठामा जबर्जस्ती भित्र पसेर उनलाई मार्ने कोसिस गरेको आशङ्कामा वैशाख २५ गते एक वाईसीएलका सदस्यलाई पक्राउ गरियो। हतियारको रूपमा इँटा बोकेका विरोधकर्ताहरू पहिला गेटबाट जिल्ला प्रशासन कार्यालयको हाताभित्र जबर्जस्ती प्रवेश गरी कार्यालयका ढोका तथा झ्याल तोडेका थिए। पक्राउ गरिएका वाईसीएलका सदस्यविरुद्ध महान्यायाधिवक्ताको कार्यालयले हत्या गर्न उद्योग गरेकोमा एक अभियोगपत्र दायर गर्‍यो र अदालती प्रक्रिया चालु छ। अदालतको अर्को सुनुवाइ असार १८ गते तोकिएको छ र यसैबीच, जिल्ला अदालतले तिनलाई हाजिर जमानीमा रिहा गरेको छ। अनुमतिपत्रबिनाको कार हाँक्दै गरेकोमा पक्राउ गरिएका वाईसीएलका कार्यकर्ताका सम्बन्धमा उच्चायुक्तको कार्यालयद्वारा अनुसन्धान गरिएको कम्तीमा एउटा घटनामा वाईसीएलका स्थानीय नेताहरूले निजलाई थुनाबाट मुक्त गरे।

तर, कानुन र व्यवस्था कायम राख्ने सम्बन्धमा आफ्ना कारबाहीलाई सबल बनाउन प्रमुख जिल्ला अधिकारी (प्रजिअ) तथा प्रहरीलाई २०६३ चैत २० गते दिइएका गृह मन्त्रालयका निर्देशनका बाबजुद आफैले दुर्व्यवहार भएको देख्दा पनि त्यसमा प्रत्यक्षरूपमा संलग्न हुन र जिम्मेवारहरूलाई पक्रन अधिकांशतः प्रहरीको अनिच्छुक रहने वा अत्यन्त अन्कनाउने कार्य जारी छ। सप्रब तथा नेप्रका विरुद्ध मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरीका सम्बन्धमा नेप्रले कुनै पनि कानुनी कारबाही गर्नुभन्दा पहिले पीडित वा निजका तर्फबाट जाहेरी दरखास्त दायर गरिनुपर्छ वा तिनले उच्चस्तरको प्रहरी अधिकारीहरूबाट अख्तियारी लिनुपर्छ भन्ने दाबी गर्दै प्रहरीले आरोपित वाईसीएल पीडकहरूविरुद्ध कारबाही गर्ने आफ्नो कानुनी दायित्वलाई पूरा गरेका छैनन्।

अझ विशेषरूपमा नेप्रले पीडितको उजुरीबिना पनि जाहेरी दरखास्त दर्ता गर्नुपर्छ र अनुसन्धान प्रारम्भ गर्नुपर्छ। वाईसीएलको कुटपिटबाट पीडितहरूमध्ये केहीले सम्बद्ध प्रहरी कार्यालयमा जाहेरी दरखास्त दर्ता गर्न खोजे तर उल्टो तिनलाई जाहेरी दरखास्त दर्ता गर्न अझ वरिष्ठ प्रहरी तथा प्रशासकीय अधिकृतका कार्यालयमा स्वयं उपस्थित हुन भनियो। अन्य घटनामा, कुटपिटबाट देखिने गरी चोटपटक लागेका अपहृत व्यक्तिहरूलाई वाईसीएलका कार्यकर्ताहरूले नेप्रलाई बुझाउँदा उसले सो चोटपटकको कारणबारे सोधेन बरु उल्टो आरोपित व्यक्तिलाई हिरासतमा लियो, यद्यपि कहिलेकाहीं व्यक्तिको संरक्षणका लागि पनि यो गरेको देखियो। केही जिल्लामा, वाईसीएल/नेकपा-माओवादीका कार्यकर्ताहरू आरोपित पीडकको रूपमा घटनाहरूमा संलग्न हुँदा आफूले राजनीतिक दलहरूबाट दबाबको महसुस गरेको कुरा प्रहरीले उच्चायुक्तको कार्यालयलाई बताएका छन्। यस्ता घटनाहरू पीडकहरूलाई पूर्णरूपमा जवाफदेही बनाउने भन्दा मध्यस्थता गर्ने तथा अनुसन्धान गर्ने या क्षतिपूर्ति दिने सम्झौताबाट प्रायः समाधान गरिन्छन्। उल्लङ्घन तथा दुर्व्यवहारका पीडकहरूविरुद्ध कारबाही गर्न यथार्थमा प्रहरीका लागि राजनीतिक तथा संस्थागत सहयोगको अभाव निरन्तर गम्भीर चिन्ताको विषय छ।

हिंसा तथा दुर्व्यवहार हुन नदिनमा प्रहरीको निष्क्रियता वा तिनको क्षमताको अभावलाई पनि मुख्य समस्याको रूपमा पहिचान गरिएको छ। माथि उल्लेख गरिए झैं, यसको सबैभन्दा खराब उदाहरण गौर हत्याकाण्डलाई रोक्नमा प्रहरी र प्रजिअको विफलता थियो। वाईसीएल वा अन्यद्वारा भएका आक्रमणहरू प्रहरीले पहिल्यै रोक्न नसकेका वा हिंसा प्रारम्भ भएपछि रोक्न नसकेका कैयन उदाहरणहरू पनि यस प्रतिवेदनले उल्लेख गरेको छ।

**निष्कर्ष**

सन् २००६ डिसेम्बरमा वाईसीएलको पुनर्स्थापना भएयता बढ्दो पहिचानसहित नेकपा-माओवादीका लागि अत्यन्त महत्त्वपूर्ण सङ्गठनको रूपमा यसको उदय भएको छ। वाईसीएलले सामान्यतया सकारात्मक रूपमा लिइएका सामुदायिक गतिविधिहरू सञ्चालन गरिरहेको तथा वाईसीएल संलग्न प्रदर्शनहरू सधैं हिंसात्मक नभए पनि निश्चित राजनीतिक तथा अन्य सङ्गठनहरूलाई धम्की र हिंसामार्फत् यसले दिएको चुनौती एवं "कानुन कार्यान्वयन"को सन्दर्भमा गरिएका दुर्व्यवहारहरू मुख्यतः चिन्ताका कारण भएका छन्। दुर्व्यवहारका प्रकार र स्तर जिल्लैपिच्छे फरक भए पनि उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित दुर्व्यवहारमध्ये मत व्यक्त गर्न, भेला हुन र सङ्घसंस्था

खोल्न पाउने स्वतन्त्रताका अधिकार एवं व्यक्तिगत स्वतन्त्रता, सुरक्षा तथा शारीरिक अखण्डताका अधिकारसँग सम्बन्धित दुर्व्यवहार पर्दछन्।

नेकपा-माओवादीको संरचनाको अभिन्न अङ्गको रूपमा, नेकपा-माओवादीको नेतृत्व अन्ततः वाईसीएलका कार्यका लागि जिम्मेवार हुन्छ। नेतृत्वले वाईसीएलका दुर्व्यवहारलाई सम्बोधन गर्ने कोसिस गरिरहेको कुरा उच्चायुक्तको कार्यालयले बुझे पनि त्यसमा अहिलेसम्म खास सुधार भएको छैन र वास्तवमा दुर्व्यवहारका आरोपहरू विगत केही सातायता बढेका देखिन्छन्। यी चिन्तालाई सम्बोधन गर्न प्रभावकारी कार्य गरिएन भने सम्झौताका प्रावधानहरूअनुसार मानवअधिकारसम्बन्धी नेकपा-माओवादीको प्रतिबद्धतामाथिको विश्वासको गम्भीररूपले अवमूल्यन हुनेछ।

साथै, अपराध, भ्रष्टाचार तथा कानुन र व्यवस्थालाई सम्बोधन गर्न प्रहरी अकर्मण्यताको नेकपा-माओवादीले गरेको आलोचना, जसले समग्रमा जनताका व्यापक चिन्ताहरूलाई प्रतिध्वनित गर्दछ, लाई सम्बोधन गरिनैपर्छ। वाईसीएलका दुर्व्यवहारलाई सम्बोधन गर्न तथा कानुन र व्यवस्था पुनर्स्थापना गर्ने, सुरक्षा कायम राख्ने तथा समुदायको उत्पत्ति जे भए पनि हिंसात्मक कार्य, धम्की तथा त्रासविरुद्ध तिनको संरक्षण गर्ने अझ व्यापक मुद्दा दुवैका सम्बन्धमा राज्यका कानुन कार्यान्वयन गर्ने निकायहरू तथा समग्र फौजदारी न्याय प्रणालीको कमजोरी जटिल चुनौती रहेको छ। स्वतन्त्र तथा स्वच्छ निर्वाचनका लागि अवस्था सिर्जना गर्नु र सफल शान्ति प्रक्रिया सुनिश्चित गर्नु सर्वाधिक ठूला चुनौतीहरूमध्येको एक हो। प्रभावकारी कानुन कार्यान्वयनको अभावले एउटा रिक्तताको सिर्जना गरेको छ जसलाई राजनीतिक तथा आपराधिक स्वार्थ दुवैका लागि सजिलै दुरुपयोग गरिन्छ। यसले प्रतिवेदनमा समावेश गरिएका जस्ता हिंसा तथा दुर्व्यवहारका लागि र आफूलाई जवाफदेही बनाइने छैन भन्ने थाहा पाएर सो कार्य गर्ने जिम्मेवार व्यक्तिहरूका निम्ति अवस्थाहरूको पनि सिर्जना गरेको छ।

कानुन कार्यान्वयन तथा जवाफदेहीताको मुद्दालाई सम्बोधन गर्न सरकार र आठ दललाई राष्ट्रिय तथा अन्तराष्ट्रियरूपमा बारम्बार गरिएका आह्वानका बाबजुद हालसम्म एकदम थोरैमात्र प्रगति भएको छ। अप्रिलमा गृह मन्त्रालयले प्रहरीलाई कानुन र व्यवस्था कायम राख्न र कानुनअनुसार आफ्ना कर्तव्य पूरा गर्न निर्देशन जारी गरेको र यसबाट वाईसीएलका कार्यकर्ताहरू एवं पूर्वाञ्चल तथा मध्यमाञ्चल क्षेत्रमा कार्यरत सशस्त्र समूहका सदस्यहरूको लगातार पक्राउलाई उच्चायुक्तको कार्यालयले ध्यानमा लिएको छ। साथै, प्रहरीलाई देशका धेरै भागमा पहिले त्यागिएका प्रहरी चौकीमा पुनः तैनाथ गरिएको छ। तर, जनतान्त्रिक तराई मुक्ति मोर्चा (जेटीएमएम – तराईमा कार्यरत एक सशस्त्र समूह) र केही घटनामा वाईसीएललगायत अन्यद्वारा भएको आक्रमणपछि गतिरोधहरू आएका छन् तथा सामान्यतया प्रहरीको पुनःतैनाथी संसाधनहरूको पुनःबन्दोबस्तीसँग मेल खाएका छैनन्। केही घटनामा, वाईसीएलले प्रहरीको फिर्तीलाई चुनौती पनि दिएको छ।[10]

स्थानीय प्रहरी उनीहरूले सेवा गर्नुपर्ने अपेक्षा गरिएको स्थानीय समुदायहरूलाई सहयोग र संरक्षण गर्न अधिकांशतः निष्क्रिय, आत्मबल गिरेको, पर्याप्त संसाधनरहित र पर्याप्त साधनविहीन अवस्थामा रहेको छ। परिणामस्वरूप, सन्दिग्ध व्यक्तिहरूलाई आफैले पक्रेर आपराधिकतालाई सम्बोधन गर्ने नेकपा-माओवादी/वाईसीएलका दाबीहरूले प्रभावित स्थानीय समुदायहरूबाट कहिलेकाहीँ सकारात्मक स्वीकृति पाएका छन्। तैपनि, वाईसीएल तथा नेकपा-माओवादीका अन्य शाखाहरूले जुन तरिकाले "कानुन कार्यान्वयन" गतिविधिहरू गर्छन् त्यसले मानवअधिकारको सम्मानलाई प्रत्याभूत गर्दैन र यसलाई आँखा चिम्लिरहन हुँदैन।

---

[१०] उदाहरणार्थ, उच्चायुक्तको कार्यालयले रामेछाप, रसुवा र सिन्धुपाल्चोक जिल्लाका तीनवटा नेप्रका चौकीको भ्रमण गऱ्यो र वाईसीएलले प्रहरीलाई आफ्ना चौकी छाड्न बाध्य गरेको थियो भन्ने आरोपहरूको पुष्टि गऱ्यो। रामेछाप जिल्लाको बेथान गाविसमा नेकपा-माओवादी/वाईसीएलले प्रहरीलाई छिमेकी गाविसमा सर्न बाध्य गराए। मईमा, लडाइँको क्रममा कसैलाई घाइते बनाएको आरोप लगाइएका वाईसीएलका एक कार्यकर्तालाई पक्रन गरेको नेप्रका प्रयासपछि वाईसीएलले रसुवा जिल्लाको डाँडागाउँ प्रहरी चौकीबाट नेप्रलाई निकाले। राजनीतिक दलहरू तथा स्थानीय राज्यअधिकारीहरूले प्रहरीको फिर्तीका लागि वार्ता गरेपछि प्रहरीलाई त्यसको भोलिपल्ट पुनर्स्थापना गरियो। मईमै, नेकपा-माओवादी/वाईसीएलले सिन्धुपाल्चोक जिल्लाको भीमटार गाविसस्थित नेप्र चौकीबाट हतियारहरू जफत गरे र नेप्रलाई त्यहाँबाट निकाले। प्रनाउले नेकपा/माओवादीका जिल्ला इन्चार्जसँग कुरा गरेपछि ती हतियार नेप्रलाई फिर्ता दिइए तर नेप्र त्यहाँ फर्केका छैनन् र छिमेकी गाविसमा बसिरहेका छन्।

त्यस्तै, विरोधी दलहरूका गतिविधिलाई हिंसात्मक तरिकाले, कहिलेकाहीं सात दलका अन्य दलहरूसँग मिलेर, बिथोल्ने वाईसीएलका कार्य सह्य हुनुहुँदैन। यस्ता कार्यले संवादका लागि राजनीतिक ठाउँलाई बन्द गर्दछन् र तिनले हिंसाको सर्पिल गतिमा बल प्रदान गराउने खतरा रहन्छ। ती मत व्यक्त गर्न, भेला हुन तथा सङ्घसंस्था खोल्न पाउने स्वतन्त्रताका सिद्धान्तविपरीत छन् र स्वतन्त्र तथा स्वच्छ निर्वाचनका लागि अनुकूल परिस्थितिविपरीत छन्। माथि जनाइए झैं, अपराध वा दुर्व्यवहारका लागि जिम्मेवार कुनै पनि व्यक्तिसँग राज्यद्वारा कानुनबमोजिम व्यवहार गरिनुपर्छ।

**सिफारिस**

माथि उल्लिखित कुराहरूको आलोकमा उच्चायुक्तको कार्यालय देहायका सिफारिस गर्दछ :

१. नेकपा-माओवादी र वाईसीएलका नेतृत्वले दुर्व्यवहार रोक्न र त्यस्ता दुर्व्यवहार सह्य हुने छैनन् भनी वाईसीएलका कार्यकर्ताहरूलाई स्पष्ट तथा सार्वजनिक निर्देशन दिनैपर्छ।

२. लिन सकिने कुनै पनि आन्तरिक अनुशासनात्मक उपायका अतिरिक्त, त्यस्ता कार्यका लागि जिम्मेवार व्यक्तिहरूलाई राज्यअधिकारीद्वारा जवाफदेही बनाइनुपर्छ र सो राज्यअधिकारीसँग नेकपा-माओवादी र वाईसीएलले सहकार्य गर्नैपर्छ।

३. साथै, वाईसीएल/नेकपा-माओवादी, राज्यका अभिकर्ता वा अन्यद्वारा गरिएको कुनै पनि प्रकारको हिंसा वा दुर्व्यवहार हुन नदिन र अनुसन्धान गर्नलाई प्रत्यक्षरूपमा संलग्न हुन तथा जिम्मेवार व्यक्तिहरूलाई पक्रन तथा तीबारे अनुसन्धान गर्न कानुन कार्यान्वयन गर्ने अभिकर्ताहरूलाई निर्देशन दिइनुपर्छ भने तिनलाई मानवअधिकारको पूर्ण सम्मानका साथ सो गर्न दिन सरकार तथा राजनीतिक दलहरूद्वारा राजनीतिक सहयोग पनि दिइनैपर्छ।

४. सम्झौताका सबै सम्बन्धित पक्षको पूर्ण परामर्श तथा सहयोग लिएर सार्वजनिक सुरक्षा तथा कानुन कार्यान्वयनलाई सम्बोधन गर्न सरकारले एक समन्वयकृत रणनीतिको निर्माण गर्नैपर्छ। योबिना मानवअधिकारप्रतिको सम्मानमा अन्तर्निहित खतरासहित कानुन र व्यवस्थामा थप ह्रास आउने खतरा हुन्छ।

५. अन्त्यमा, राजनीतिक गतिविधि बढ्दै जाँदा, विशेषगरी निर्वाचन प्रक्रियाको सन्दर्भमा, कुनै पनि पक्षद्वारा हिंसा, धम्की तथा त्रासमार्फत् नभई संवादको माध्यमबाट राजनीतिक मतभेदलाई समाधान गरिनैपर्छ। यस्ता आचरणले निर्वाचन प्रक्रियाको पूर्णतालाई खलल पार्ने सम्भावना हुन्छ।